# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः १ कार्यपालिका पारित मितिः २०७९।०३।३१

प्रमाणिकरणः२०७९।०३।३१

प्रकाशन मितिः २०७९।०४।०५

## भाग-२

## ठाकुरबाबा नगरपालिका

### विपद् व्यवस्थापन कोष (सञ्चालन) र स्रोत परिचालन कार्यविधि, २०७५ (चौथो संशोधन २०७९)

**१. अनुसूची - १ संशोधन**

(क) विपद्को घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको अवस्थामा राहत स्वरुप प्रति मृतक रु. ५०,०००।०० (पचास हजार मात्र ) का दरले मृतकका परिवारलाई राहत उपलब्ध गराउने।

(ग) विपदबाट घर र घरभित्रका,

(१) सामग्री सहित पूर्ण रुपमा जलेको, बगेको वा नष्ट भएको अवस्थामा राहतस्वरूप रु . १५,०००।- (पन्ध्र हजार)

(२) पुनर्निर्माण गर्नुपर्ने गरी भत्केको अवस्थामा भएमा रु १०,०००।- (दश हजार मात्र)

(३) घरमा आंशिक क्षतिभई मर्मत गरेर बस्नमिल्नेमा अवस्था हेरी ५०००।- (पाच हजार) सम्म

(४) घरको सामान्य क्षतिमा रु २५००।- (दुइ हजार पाच सय) राहत सहयोग उपलव्ध गराउने ।

*(नोटः तोकिएको राहत भन्दा क्षती कम भएमा कम रकम भुक्तानी गरिनेछ)*

(च) विपद्को घटनामा खेतबारीमा हुने कुनैपनि कृषि उपज (खेति बालिको) नोक्सानको लागी बिउ खरिद गर्नका लागी प्रति कठ्ठा रु ५००।- (पाच सय) तथा आंशिक क्षतिकोलागी प्रति कठ्ठा रु ३००।- (तिन सय) का दरले हुने रकम राहत स्वरुप उपलब्ध गराउने ।

(छ) कुनैपनि विपदको कारण पशु चौपाया मध्ये राँगा/ भैसी मरेकोमा प्रतिजिउ रु. ३०००।- (तिनहजार) गाइ/गोरु/खसी/बोका/बाख्रा/बंगुर मरेकोमा प्रतिजिउ रु २५००।- (दुइ हजार पाच सय) तथा पाडा/ पाडी,पाठा/ पाठी मरेकोमा प्रतिजिउ १०००।- (एक हजार) तथा का दरले राहत उपलब्ध गराउने।

(ज) व्यवशायिक पन्छी **फर्ममा २० देखि ५० सम्म मरेको अवस्थामा एकमुष्ठ रु. ३००० (तिन हजार), ५० देखि १०० सम्म मरेको अवस्थामा एकमुस्ट रु. ५०००।— (पाँच हजार) र १०० देखि माथि जतिसुकै मरेपनि १०,०००।— (दश हजार)** राहत उपलब्ध गराउने ।

आज्ञाले

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

विपद् व्यवस्थापन कोष (सञ्चालन) र स्रोत परिचालन कार्यविधि, २०७७ (चौथो संशोधन २०७९)